बलेफी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

"कृषि योग्य व्यापारिक र पर्यटकीय ठाउँ, नवीन सोच सहितको समृद्ध बलेफी गाउँ"

पत्र सङ्ख्या: २०८३/८४

सूचना नं.: ९७

कृषि यन्त्र तथा उपकरण मागको लागि प्रस्ताव आह्वानको सूचना !!!

(प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०५/३० गते)

यस बलेफी गाउँपालिकाको चालु आ. व. २०८३/८४ को संघीय विशेष अनुदान अन्तर्गत "विशेष अनुदान कार्यान्वयन कार्यविधि, २०८३" बमोजिम कृषक, समूह, सहकारी तथा कृषि फर्महरूलाई लागत साझेदारीमा कृषि यन्त्र तथा उपकरणहरू वितरण गर्नुपर्ने भएकोले इच्छुक लाभग्राहीहरूबाट यो सूचना प्रकाशित भएको ३० (तीस) दिन भित्र कृषि विकास शाखा वा सम्बन्धित वडा कार्यालयमा आवेदन पेश गर्नुहुन अनुरोध छ।

वितरण गरिने उपकरणहरूः डिजेल र पेट्रोल मिनीटिलर, स्प्रे पम्प, मकैको बीउ छर्ने मेसिन (Drum type manual corn seeder), मकै छोडाउने मेसिन, च्याफ कटर, कम्बाइन मिल, कोदो चुट्ने मेसिन र अन्य थ्रेसर मेसिन।

पेश गर्नुपर्ने आवश्यक कागजातहरू

१. अनुसूची – २ बमोजिमको रीतपूर्वक भरिएको निवेदन र माग गरिएको यन्त्रको विवरण,
२. निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
३. जग्गाको लालपूर्जाको प्रतिलिपि (भाडाको जग्गा भए कम्तीमा ५ वर्षको भाडा सम्झौता पत्र। कृषि फर्मको हकमा न्यूनतम १० रोपनी जग्गामा खेती गरेको हुनुपर्ने),
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
५. अनुसूची – ३ बमोजिमको स्वघोषणा/प्रतिवद्धता (विगतमा यस्तै प्रकृतिको अनुदान नलिएको विवरण समेत खुलाएको)
६. फर्म, समूह वा सहकारीको हकमाः संस्था/फर्म दर्ता प्रमाणपत्र, नवीकरण, स्थायी लेखा नम्बर(PAN), कर चुक्ता प्रमाणपत्र र समूह/सहकारी भए बैठकको निर्णयको प्रतिलिपि

महत्वपूर्ण जानकारी तथा सर्तहरू

- आवेदन फारम गाउँपालिकाको वेबसाइटबाट डाउनलोड गर्न वा कृषि शाखा तथा वडा कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिनेछ र लाभग्राहीहरूले एक मात्र यन्त्र तथा उपकरणको लागि आवेदन दिन सकिनेछ।

.....

(अर्जुन कुमार राउत)

प्रमूख प्रशासकीय अधिकृत

अर्जुन कुमार राउत
प्रमुख प्रशासकीय अधिकृत

फोननं:०११-४००५३६,०११-४००५३८ ०११-४००५३९इमेल:balephi2017@gmail.comवेबसाइट:https://www.balephimun.gov.np

फेसबुक:www.facebook.com/balephiruralmunicipality